आज मिति २०८१ साल माघ महिना २० गते आईतबार बिहानको १२:०० बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व.२०८१\०८२ को १६ औं बैठक नगर प्रमुख श्री अशोक कार्की ज्युको अध्यक्षतामा र देहाय बमोजिमको उपस्थितिमा बसी देहायको निर्णयहरु गरियो ।

| क.स. | नाम थर | पद | ठेगाना | सम्पर्क न. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | | |
| २ | श्री जिरा राई | नगर उप-प्रमुख | बे.न.पा. | | |
| ३ | श्री दिनेश्वरप्रसाद चौधरी | वडा अध्यक्ष | बे.न.पा.१ | | |
| ४ | श्री प्रेमबहादुर दाहाल | वडा अध्यक्ष | बे.न.पा.२ | | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडा अध्यक्ष | बे.न.पा.३ | | |
| ६ | श्री तिर्थ राज अधिकारी | वडा अध्यक्ष | बे.न.पा.४ | | |
| ७ | श्री दिपक राज रेग्मी | वडा अध्यक्ष | बे.न.पा.५ | | |
| ८ | श्री वसन्त कुमार मगर | वडा अध्यक्ष | बे.न.पा.६ | | |
| ९ | श्री निकेश राई | वडा अध्यक्ष | बे.न.पा.७ | | |
| १० | श्री जय कुमार राई | वडा अध्यक्ष | बे.न.पा.८ | | |
| ११ | श्री भरत घिमिरे | वडा अध्यक्ष | बे.न.पा.९ | | |
| १२ | श्री चन्द्रकला परियार | का.पा.स. | बे.न.पा. | | |
| १३ | श्री बिष्णु कुमारी परियार | का.पा.स. | बे.न.पा. | | |
| १४ | श्री नानी मैया खतिवडा | का.पा.स. | बे.न.पा. | | |
| १५ | श्री निर्मला बि.क. | का.पा.स. | बे.न.पा. | | |
| १६ | श्री राजेन्द्र परियार | का.पा.स. | बे.न.पा. | | |
| १७ | श्री सरिता विश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १८ | श्री निर बा.बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १९ | श्री रवि किरण आचार्य | स. सचिव | बे.न.पा. | | |

अन्य उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| २० | श्री सञ्जय रेग्मी | अ.स्तर छैटौं | बे.न.पा. | | |
| २१ | श्री रण बहादुर बुढाथोकी | क.अ. | बे.न.पा. | | |
| २२ | श्री मोहन कार्की | न.प्र.स्वकीय सचिव | बे.न.पा. | | |
| २३ | श्री अतुल के.सी. | | | | |

बेलका नगरपालिका, उदयपुर

आर्थिक वर्षः२०८१/०८२

नगर कार्यपालिका बैठक संख्याः १६

मितिः २०८१/१०/२० गते दिउँसकोको १२ः०० बजे

<u>प्रस्तावहरूः</u>

१. समीक्षा सम्बन्धमा ।

२. LISA अनुमोदन सम्बन्धमा ।

३. ढुंगा, गिट्टी बालुवाको पुनःठेका आह्वान गर्ने सम्बन्धमा ।

४. उपभोक्ता समितिको लागत सहभागिता – राय माग गर्ने सम्बन्धमा ।

५. वडा नं. ८ मा विपद व्यवस्थापन बजेट सम्बन्धमा ।

६. सुशासन समितिको सिफारिस सम्बन्धमा ।

७. स्वीकृत ठेक्काको सम्झौता गर्ने सम्बन्धमा ।

८. संघीय समपुरक तथा विशेष योजना सम्बन्धमा ।

९. स्वास्थ्य चौकी स्तरोन्नती तथा सेवा विस्तारका लागि बजेट माग सम्बन्धमा ।

१०. विविध ।

क) विद्युत प्राधिकरणको सूचना सम्बन्धमा ।

ख) महाविर पूनको आत्मकथा किताब खरिद सम्बन्धमा ।

ग) सुत्केरी महिलालाई पोषण भत्ता सम्बन्धमा – वडा नं. ३ ।

घ) निःशुल्क स्वास्थ्य बीमा सम्बन्धमा ।

२०८१/१०/२०

अशोक कार्की

नगर प्रमुख

अशोक कार्की

नगर प्रमुख

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा बेलका नगरपालिका, नगर कार्यपालिकाको १५ औं बैठकका निर्णय तथा कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा नगरपालिकाको "संस्थागत क्षमता स्वमूल्याङ्कन" – LISA का लागि नगरपालिकाबाट भए गरेका कामकाज यस बैठकमा जानकारी गराई मूल्याङ्कनका लागि दावि गरिएको अंक तथा कागजातहरू यस बैठकद्वारा अनुमोदन गरियो ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा बेलका नगरपालिका खोला तथा नदीहरूबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्, सङ्कलन तथा बिक्रि वितरण प्रयोजनार्थ नगरपालिकाबाट आह्वान गरिएको ठेक्का उपर कुनैपनि ठेक्केदार कम्पनीको आवेदन नपरेको हुँदा १५ दिनको म्याद राखी सो ठेक्का पुनः आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा बेलका नगरपालिकाका उपभोक्ता समितमार्फत सञ्चालन तथा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरूमा उपभोक्ताको लागत सहभागिता २० प्रतिशत कायम भएको र आर्थिक स्रोतको अभाव, उपभोक्ताहरूको आर्थिक अवस्थालगातका कारणले सो प्रतिशतमा लागत सहभागिता जुटाउन नसकिने देखिएको र सोहि बमोजिम नगरपालिकाको आर्थिक ऐनमा आवश्यक संशोधन गर्ने प्रयोजनार्थ लागत सहभागिता प्रतिशतका विषयमा नगरपालिकाको राजस्व परामर्श समिति, पूर्वाधार विकास समिति र सबै वडाहरूसमक्ष राय माग गरी सोहि बमोजिम संशोधन प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा बेलका नगरपालिका वडा नं. -८ मा सञ्चालित योजना साप्ला खोला ग्रामिण सौर्य ऊर्जा खानेपानी आयोजनामा गत असोज १० देखि १३ गतेसम्म परेको अविरल वर्षाका कारण क्षति भएको हुँदा सो आयोजना मर्मतका लागि प्राविधिक लागत अनुमान अनुसार कार्यसम्पन्न गराई प्राविधिक मूल्याङ्कन बमोजिमको रकम नगरपालिकाको विपद व्यवस्थापन शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा बेलका नगरपालिका, नगरस्तरीय सुशासन समितिको मिति २०८१/१०/२० मा बसेको बैठकका निर्णयहरू यस बैठकमा जानकारी गराइयो । साथै सो निर्णयहरू यस आवश्यकता अनुसार कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो ।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा बेलका नगरपालिकामा सञ्चालन हुने विभिन्न आयोजना तथा कार्यक्रमहरूको ठेक्का आह्वान भई स्वीकृत भएको योजनाहरूको ठेकेदार कम्पनीसँग नगरपालिकाका तर्फबाट सम्झौता गर्ने अख्तियारी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री रविकिरण आचार्यलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/८३ का लागि संघीय समपूरक तथा विशेष अनुदान अन्तर्गत साविकमा कार्यान्वयन भइरहेका सडक निर्माण तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिने गरी तपशील बमोजिमका योजनाहरू सिफारिस गरी बजेट रकम माग गर्ने निर्णय गरियो ।

तपशील:

१. संघीय समपूरक तर्फ:

| क्र.सं. | योजनाको नाम | सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | रामपुर-आम्बासी सडक निर्माण (क्रमागत), | बेलका न.पा. १,२,३ र ९ | |
| २. | सोमधारे मायुङटार सडक निर्माण, | बेलका न.पा. -८ | |

२. संघीय विशेष तर्फ:

| क्र.सं. | योजनाको नाम | सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | रामपुर खानेपानी आयोजना निर्माण | बेलका न.पा. ९ | |

साथै आयोजना कार्यान्वयनमा नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने लागत साझेदारी नियमानुसार व्यहोर्ने प्रतिवद्धता समेत व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा बेलका नगरपालिका वडा नं. १ स्थित तपेश्वरी स्वास्थ्य चौकीलाई आधारभूत अस्पतालको रुपमा स्तरोन्नति गर्नका लागि भवन तथा स्वास्थ्य सेवा विस्तार गर्ने गरी लागत अनुमान तयार गरी आवश्यक बजेटको व्यवस्थापन गरिदिन भनी कोशी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय समक्ष माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** प्रस्ताव नं. १० विविध (क) माथि छलफल गर्दा नेपाल विद्युत प्राधिकरण, सामुदायिक ग्रामिण विद्युतीकरण विभागको च.नं. १७४, मिति २०८१/०८/२७ को पत्रानुसार यस नगरपालिका अन्तर्गतका क्षेत्रमा विद्युतीकरण गर्नका लागि विभाग र ठेकेदार कम्पनी श्री सूनित एन्ड कबिता कन्ट्रक्सन प्रा.लि., भिमेश्वर -३, दोलखाबिच सम्झौता भई १८ महिनाभित्र कार्यसम्पन्न गर्नु पर्नेमा हालसम्म कम्पनीमा कार्यप्रगति पेश नगरेको र पटक पटक ताकेता गर्दा समेत आफ्नो न्यूनतम दायित्व समेत पालना नगरेकाले सो प्रक्रिया के कसरी अगाडि बढाउने सम्बन्धमा राय सुझाव माग भई आएकोमा नियमानुसार ठेकेदार कम्पनीलाई कारबाही गरी यथाशीघ्र आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउन राय सुझाव पेश गर्ने निर्णय गरियो ।

**विविध (ख)** माथि छलफल गर्दा नेपालका वैज्ञानिक महाविर पुनको आत्मकथामा आधारित पुस्तक नगरपालिकाबाट रु ५०,०००।- बराबरको खरिद गरी आवश्यकता अनुसार वितरण गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

**विविध (ग)** माथि छलफल गर्दा बेलका नगरपालिका, वडा नं. ३ मा चालु आ.व. मा सञ्चालित कार्यक्रम सुत्केरी पोषण कार्यक्रममा रु ६०,०००।- अपुग भएको हुँदा सो उपयुक्त शीर्षकबाट रकमान्तर गरी आगामी हिउँदे नगर सभाबाट बजेटको व्यवस्था गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**विविध (घ)** माथि छलफल गर्दा बेलका नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत नीति तथा कार्यक्रम बमोजिम बेलका नगरपालिका स्थायी ठेगाना भई मानसिक बिरामी र बिरामीका परिबारलाई स्वास्थ्य बीमामा पहुँच पुऱ्याउनका लागि नगरपालिकाबाट प्रकाशित सूचना उपर प्राप्त निवेदन र कागजात अध्ययन गरी तपशील बमोजिमका व्यक्तिको र निजहरूका परिवारको स्वास्थ्य बीमाको रकम भुक्तानी गर्न भनी नगरपालिकाको सामाजिक विकास शाखा अन्तर्गत मनोसामाजिक कार्यकर्ता संयोजकबाट सिफारिस भई आएकोमा निम्न व्यक्तिहरूको परिवारसहित स्वास्थ्य बीमाको रकम नगरपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**तपशील**

| क्र.सं. | नाम थर | ठेगाना | भुक्तानी गर्नुपर्ने वार्षिक रकम |
|---|---|---|---|
| १ | पार्वति राई | बेलका ५ | रु ३५००।- |
| २ | गंगा ब. राई | बेलका ४ | रु ३५००। |
| ३ | मन कुमारी विश्वकर्मा | बेलका ५ | रु ३५००। |
| ४ | जानुका देवि बस्नेत | बेलका ५ | रु ३५००। |
| ५ | मिश्री माया अधिकारी | बेलका ४ | रु ३५००। |
| ६ | सुनिता राई | बेलका ६ | रु ३५००। |
| ७ | कुमार बस्नेत | बेलका ५ | रु ३५००। |
| 8 | बसुन्धरी पूर्वछाने मगर | बेलका ६ | रु ३५००। |
| 9 | रुद्र ब बस्नेत | बेलका ५ | रु ३५००। |
| 10 | चेतराज विश्वकर्मा | बेलका ४ | रु ३५००। |
| 11 | मेनुका तामाङ्ग श्रेष्ठ | बेलका ५ | रु ३५००। |
| १२ | बिबेक थापा | बेलका ५ | रु ३५००। |
| १३ | पवित्रा विश्वकर्मा | बेलका ५ | रु ३५००। |
| १४ | वाल कुमारि बिष्ट | बेलका ५ | रु ३५००। |
| १५ | जमुना थामी | बेलका ३ | रु ३५००। |
| १६ | सौगात कोईराला | बेलका ५ | रु ३५००। |
| १७ | रमिला बि क | बेलका ५ | रु ३५००। |
| १८ | गोरा राई | बेलका ९ | रु ३५००। |
| १९ | पवित्रा कार्की | बेलका ४ | रु ३५००। |
| २० | राजन विश्वकर्मा | बेलका ३ | रु ३५००। |